मिति : २०७९/११/१५ गते (सोमबार)　　　　　　　　स्थान : पोखरा महानगरपालिका सभाहल

बैठक संख्या : १५ औं　　　　　　　　　　　　　　समय : बिहान १० : ०० बजे ।

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्युको अध्यक्षतामा यस महानगरपालिका नगर कार्यपालिकाको १५ औं कार्यपालिका बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं. | | पदाधिकारीहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री धनराज आचार्य | प्रमुख | |
| २ | उपाध्यक्ष | श्री मञ्जुदेवी गुरुङ्ग | उप प्रमुख | |
| ३ | सचिव | श्री वीरेन्द्रदेव भारती | प्र.प्र.अ. | |
| ४ | सदस्य | श्री शाहारा प्रधान | अध्यक्ष वडा नं.१ | |
| ५ | सदस्य | श्री दिवसमान प्रधानाङ्ग | अध्यक्ष वडा नं.२ | |
| ६ | सदस्य | श्री प्रकाशमान उदास | अध्यक्ष वडा नं.३ | |
| ७ | सदस्य | श्री देव कृष्ण पराजुली | अध्यक्ष वडा नं.४ | |
| ८ | सदस्य | श्री विष्णु प्रसाद बराल | अध्यक्ष वडा नं.५ | |
| ९ | सदस्य | श्री विष्णु बहादुर भट्टराई | अध्यक्ष वडा नं.६ | |
| १० | सदस्य | श्री राममोहन आचार्य | अध्यक्ष वडा नं.७ | |
| ११ | सदस्य | श्री रुद्रनाथ बराल | अध्यक्ष वडा नं.८ | |
| १२ | सदस्य | श्री दिपेन्द्र मर्सानी | अध्यक्ष वडा नं.९ | |
| १३ | सदस्य | श्री राजेश गुरुङ्ग | अध्यक्ष वडा नं.१० | |
| १४ | सदस्य | श्री प्रेम प्रसाद कर्माचार्य | अध्यक्ष वडा नं.११ | |
| १५ | सदस्य | श्री सन्तोष वास्तोला | अध्यक्ष वडा नं.१२ | |
| १६ | सदस्य | श्री किरण बराल | अध्यक्ष वडा नं.१३ | |
| १७ | सदस्य | श्री बोध बहादुर कार्की | अध्यक्ष वडा नं.१४ | |
| १८ | सदस्य | श्री तोरण बहादुर बानिया | अध्यक्ष वडा नं.१५ | |
| १९ | सदस्य | श्री अमृत शर्मा तिमिल्सीना | अध्यक्ष वडा नं.१६ | |
| २० | सदस्य | श्री राधिका कुमारी शाही | अध्यक्ष वडा नं.१७ | |

| | | | | |
|---|---|---|---|---|
| २१ | सदस्य | श्री शिव प्रसाद तिमिल्सीना | अध्यक्ष वडा नं.१८ | |
| २२ | सदस्य | श्री पुष्पेन्द्र पाण्डे | अध्यक्ष वडा नं.१९ | |
| २३ | सदस्य | श्री गंगा बहादुर खत्री | अध्यक्ष वडा नं.२० | |
| २४ | सदस्य | श्री दिपक प्रसाद सुवेदी | अध्यक्ष वडा नं.२१ | |
| २५ | सदस्य | श्री हिमलाल बराल | अध्यक्ष वडा नं.२२ | |
| २६ | सदस्य | श्री रामकाजी गुरुङ्ग | अध्यक्ष वडा नं.२३ | |
| २७ | सदस्य | श्री भरत बहादुर अधिकारी | अध्यक्ष वडा नं.२४ | |
| २८ | सदस्य | श्री मोतिराज तिमिल्सीना | अध्यक्ष वडा नं.२५ | |
| २९ | सदस्य | श्री नरेन्द्र थापा | अध्यक्ष वडा नं.२६ | |
| ३० | सदस्य | श्री पूर्ण कुमार गुरुङ्ग | अध्यक्ष वडा नं.२७ | |
| ३१ | सदस्य | श्री श्रीकृष्ण लामिछाने | अध्यक्ष वडा नं.२८ | |
| ३२ | सदस्य | श्री श्रीप्रसाद गुरुङ्ग | अध्यक्ष वडा नं.२९ | |
| ३३ | सदस्य | श्री दुर्गा प्रसाद सुवेदी | अध्यक्ष वडा नं.३० | |
| ३४ | सदस्य | श्री ढकनाथ कडेल | अध्यक्ष वडा नं.३१ | |
| ३५ | सदस्य | श्री अक्कल बहादुर कार्की | अध्यक्ष वडा नं.३२ | |
| ३६ | सदस्य | श्री रामचन्द्र अधिकारी | अध्यक्ष वडा नं.३३ | |
| ३७ | सदस्य | श्री दिपक घिमिरे | कार्यपालिका सदस्य | |
| ३८ | सदस्य | श्री हरिमाया बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३९ | सदस्य | श्री गोविन्द तुलाचन | कार्यपालिका सदस्य | |
| ४० | सदस्य | श्री मन्दिरा परियार | कार्यपालिका सदस्य | |
| ४१ | सदस्य | श्री धन कुमारी पोखेल | कार्यपालिका सदस्य | |
| ४२ | सदस्य | श्री निर्मल दियाली | कार्यपालिका सदस्य | |
| ४३ | सदस्य | श्री निर्मला पौडेल | कार्यपालिका सदस्य | |
| ४४ | सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | कार्यपालिका सदस्य | |
| ४५ | | श्री जीतेन्द्र जंग के.सी. | सहायक प्रमुख प्रशासकीय अधिकृत | |
| ४६ | | श्री किरण प्रसाद कोइराला | वरिष्ठ प्रशासकीय अधिकृत आठौं तह | |

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, पोखरा

इमेल: info@pokharamun.gov.np
Phone No : 061 -571104
वेभसाइट: pokharamun.gov.np

पत्र संख्या: ०७९/०८०
चलानी नं. ४३४०-

मिति : २०७९/११/१४

श्री वडा अध्यक्षज्यूहरु,
वडा नं.-१ देखि ३३ सबै,
श्री कार्यपालिका सदस्यज्यूहरु सबै,
पोखरा महानगरपालिका ।

**विषय :-कार्यपालिका वैठकमा उपस्थित हुने सम्बन्धमा ।**

पोखरा महानगरपालिका नगर कार्यपालिकाको **१५ औं** वैठक देहायको मिति, समय र स्थानमा हुने भएकाले उक्त वैठकमा उपस्थितीका लागि सादर अनुरोध छ ।

(धनराज आचार्य)
प्रमुख

**देहाय** :-

मिति : २०७९ साल फागुन १५ गते, (सोमबार)

समय : बिहान १० : ०० बजे,

स्थान : पोखरा महानगरपालिकाको सभाकक्ष,

**बैठकको प्रस्ताव** :

१. **विशेष नगर सभा सम्बन्धमा ।**

२. फिर्के बुलौदी मापदण्ड अध्यन (बिज्ञ समूह) को प्रतिवेदन सम्बन्धमा

३. विविध

**सादर अवगतार्थ** :-

श्री उप-प्रमुखज्यूको सचिवालय : पोखरा महानगरपालिका ।

## कार्यपालिकाको पन्ध्रौं बैठकको निर्णयहरु ( २०७९/११/ १५)

निर्णय नं. १ :- बिश्व बैंकको लगानीमा नेपाल शहरी शासकिय पूर्वाधार आयोजना (NUGIP) अन्तर्गत पोखरा महानगपालिका र शहरी बिकास तथा भवन निर्माण बिभाग बिच सम्झौता पश्चात संचालनमा आएको तालचोक-बेगनास सडक आयोजनाको यस आयोजना अन्तर्गत Selction of Design and supervision Consultant छनौट सम्बन्धमा नगरसभाबाट निर्णय हुन आवश्यक भएकाले मिति २०७९ फाल्गुण १७ गते बिहान ८.०० बजे पोखरा सभागृहमा विशेष नगर सभा बस्ने निर्णय गरियो ।

निर्णय नं. २ :- पोखरा महानगरपालिकाको सातौं स्थापना दिवस २०७९ फाल्गुण २७ र २८ गते विभिन्न कार्यक्रमको साथ मनाउने र सो को जानकारी तथा सहभागी हुन सबै महाशाखा र वडा कार्यालयमा दिने ।

मिति २०७९।११।२७ गतेको कार्यक्रम

क. २७ गते साँझ कार्यालयम / वडामा दीप प्रज्वलन गर्ने

ख. २७ गते बिहान विजयपुर सरसफाई विहान ८.०० बजे- संयोजन - वडा नं. १३, १४, २६, २७, का अध्यक्ष

ग. २७ गते २.०० बजे पोखरा रंगशालामा जनप्रतिनिधि र कर्मचारी बीच फुटवल खेल - संयोजन वडा नं. १५ र वडा नं. ३ का वडा अध्यक्ष र शिक्षा महाशाखा प्रमुख

घ. २८ गते बिहान ७.३० बजेमहानगरपालिकाबाट प्रभात फेरी

ङ. २८ गते ८.०० बजे सभागृहमा रक्तदान कार्यक्रम

च. सभागृहमा बिबिध कार्यक्रम

छ. कर्मचारी पुरस्कार छनौट समिति - संयोजक श्री तिर्थ श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत र संयोजकले तोकेको व्यक्ति-१

ज. गिनिज बुक अफ वर्ल्ड रेकर्डस मा नाम समावेश गर्ने व्यक्तित्व सम्मान कार्यक्रम

झ. नापी शाखाका दुई अधिकृतलाई सम्मान

ञ.. ३० वर्ष सेवा गरेका कर्मचारीलाई दिर्घ सेवा पदक वितरण गर्ने

ट. ट्राफिक प्रहरीलाई सम्मान गर्ने ।

ठ. ट्राफिक प्रहरीलाई २ थान ईलेकिट्रक स्कुटर र ३ थान साईकल प्रदान गर्ने

निर्णय नं. ३ :- आ.व. २०७८/०७९ मा वडा नं. ८ मा पोखरा महानगरपालिकाको प्रशासकीय भवन निर्माण गर्न ठेक्का आव्हान गरि भुमिबुद्ध, ओमबुद्ध जे.भि. सँग ठेक्का सम्झौता भई मोविलाईजेसन वापत रु. १२५९१०००/- भुक्तानी भई भवन निर्माण प्रक्रिया अघि बढाउने क्रममा स्थानीय व्यक्तिहरुवाट बाधा अवरोध सृजना भई निरन्तरको प्रयासका बाबजुद अवरोध हटाउन सम्भव नभएकाले निर्माण व्यवसायीबाट मोविलाईजेसन वापत भुक्तान गरेको रकमम रु. १२५९१०००/- फिर्ता प्राप्त भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ उपदफा २(क) (ख) र (घ) बमोजिम सविस्ताका आधारमा ठेक्का रद्द गर्ने

**निर्णय नं. ४:-** आ. व. २०७९/०८० को मनसुनजन्य विपदमा परि आवास पुर्ण र आंशिक क्षेती भएका देहाय बमोजिमका व्यक्तिहरुको विवरण मनसुनजन्य विपदबाट क्षेती भएका व्यक्तीहरुको आवास पुननिर्माण गर्न आवश्यक भएकाले **आवास पुननिर्माण तथा पुनर्स्थापना कार्यविधि, २०७७** बमोजिम आवास पुननिर्माण गर्न सुबिधा उपलव्ध हुने गरि जिल्ला विपद व्यवस्थापन समितिमा सिफारिस गर्ने ।

आ.व २०७९/०८० को भाद्र १५ गते सम्म आवास आँशिक/पुर्ण रुपमा क्षेती भएकाहरुको विवरण

| सि. नं. | नामथर | ठेगाना | ना.प्र.नं. | क्षेतीको अवस्था |
|---|---|---|---|---|
| १ | भेष कुमारी कामी | पोखरा २५ | | प्रबलीकरण |
| २ | जनार्दन बास्तोला | पोखरा–२५ | | ,, |
| ३ | गंगा अधिकारी | पोखरा २५ | | ,, |
| ४ | लक्ष्मी वि. क. | पोखरा २५ | | ,, |
| ५ | कृष्ण बहादुर कुंवर | पोखरा २५ | | ,, |
| ६ | कृष्ण बहादुर कामी | पोखरा-२८ | | पुन निर्माण |
| ७ | कृष्ण बहादुर पौडेल | पोखरा- १३ | | ,, |
| ८ | चित्रराज बराल | पोखरा- १३ | | प्रबलीकरण |
| ९ | रन्जन शाही | पोखरा- ३३ | | पुन निर्माण |
| १० | राजु नेपाली | पोखरा- २२ | | ,, |
| ११ | सुनिता सापकोटा पौडेल | पोखरा- २१ | | ,, |

**निर्णय नं. ५ :-** पोखरा ७ र १७ मा निर्माणाधिन Upgrading of RTO Road ठेक्का नं. 165 PMC/NCBW/075/76 अन्तर्गत र विधुत पोल स्थानान्तरणमा भएको ढिलाई र मापदण्ड भित्रका संरचना हटाउने कार्यमा स्थानीयबाट भएको अवरोधको कारण समयमै निर्माण कार्य सम्पन्न हुन नसकेकोले ठेक्का सम्पन्न गर्ने म्याद समाप्त भएको मिति २०७९।६।३० बाट लागु हुने गरि अन्तिम पटकको लागि म्याद सकिएको मिति देखि ५ पाँच महिना म्याद थप गर्ने ।

**निर्णय नं.६ :-** यस महानगरपालिकाको घरायसी फोहोर मैला संकलन ढुवानी र व्यवस्थापन एवं सेवा शुल्क संकलन गर्ने गरि विभिन्न सरसफाई कम्पनी सँग सम्झौता गरि कार्य हुँदै आएकोमा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सन्चालन गर्न तत्काल ल्याण्डफिल साईट अन्यत्र सार्नुपर्ने अवस्था सिर्जना भएको सन्दर्भमा पोखरा ३२ लामेआहालमा अल्पकालिन रुपमा र पोखरा ३३ झाँक्री खोलामा आधुनिक फोहोर प्रशोधन केन्द्रसम्म फोहोर ढुवानी गर्नुपर्ने अवस्था रहेको छ । हालसम्म ढुवानी गरेका साझेदार कम्पनीका

सवारी साधन र जनशक्ति बाट साविकमा फोहोर व्यवस्थापन गरेको वडा नं. १४ को बाच्छेबुडुवा क्षेत्र भन्दा १४ कि. मि. टाढाको दुरिमा रहेको वडा नं. ३२ को लामेआहालमा सोही सवारी साधनबाट फोहर व्यवस्थापन गर्न सम्भव नभएको, हाल अवलम्वन गरिएको ३-३ महिना म्याद थपको व्यवस्था अनुसार साझेदार कम्पनहिरु थप लगानी गर्नुपर्ने कारण कार्य गर्न अनिच्छुक रहेको स्थायी ल्याण्डफिलको लागि जग्गा प्राप्तीको प्रक्रिया मात्र शुरु भएकाले फोहोर व्यवस्थापनको लागि निजी क्षेत्रलाई प्रतिस्पर्धा गराउन तत्काल सम्भव नभएको, महानगरपालिकाबाट आफैले फोहोर व्यवस्थापन गर्दा तत्काल धेरै संख्यामा फोहोर संकलन गर्ने गाडी र जनशक्ति प्राप्त गर्नुपर्ने हुँदा दायित्वका हिसावले दिर्घकालिन रुपमा लाभदायक नहुने भएकोले, ढुवानी गर्नुपर्ने दुरी, आवश्यक सवारी साधन र जनशक्ति समेतका आधारमा वित्तीय विश्लेषण गरि पेश गर्न तोकिएको A Lamichhane & Associates बाट पेश भएको प्रतिबेदन स्वीकृत गर्ने र प्रतिवेदन बमोजिम साझेदार कम्पनीहरुले हाल भुक्तान गरिरहेको रोयल्टी र वित्तीय विश्लेषणबाट कायम हुन आउने रोयल्टीलाई अनुपातिक रुपमा गणना गरि रोयल्टी कायम गर्ने । सम्झौताका शर्तहरु संलग्न अनुसूची- १ बमोजिम हुने गरि हाल कार्य गरिरहेका साझेदार कम्पनीहरुसँग सम्झौता गरि फोहोर व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

<u>निर्णय नं.७ :-</u> १२ औं नगर सभाको निर्णय अनुसार राजश्वको विवरण संकलन, व्यवसाय दर्ता लगायतको कार्य घरदैलोमा नै गई कार्य गर्न व्यवस्थापन विषयमा १२ कक्षा उतीर्ण र कम्प्युटर सफ्टवेयर चलाउन सक्ने योग्यता भएका ५० जना गणक कर्मचारी ६ महिनाको लागि सेवा करारमा नियुक्ती गर्न देहाय बमोजिम पदपुर्ती समिति गठन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत - संयोजक

शिक्षा महाशाखा प्रमुख - सदस्य

प्रशासन महाशाखा प्रमुख - सदस्य सचिव

<u>निर्णय नं.८ :-</u> फेवातालको लगायत पोखरा म.न.पा. भित्र पर्ने सबै तालको सबैमापदण्डको सम्बन्धमा पोखरा उपत्यका नगर विकास समितिको मिति २०७९/०९/०३ को निर्णय र नेपाल राजपत्र भाग ५ मिति २०७७/११/१७ को नेपाल सरकारको सूचना बमोजिमको फेवातालको चारकिल्ला तथा तालक्षेत्रको किनारबाट ६५ मिटर मापदण्ड छाडि नक्शा स्वीकृत गर्न महानगरपालिकाको कार्यालयलाई निर्देशन दिने । साथै सोहि सूचनालाई आधार मानि स्थानीयबासीको समस्यालाई प्राथमिकता दिई पोखरा उपत्यकाका अन्य सबै तालहरुको ताल क्षेत्रको किनारबाट ६५ मिटर मापदण्ड छाडी निर्माण कार्यको नक्शा पास गर्ने कार्य फुकुवा गर्ने र कार्यान्वयनको लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

<u>निर्णय नं.९ :-</u> प्रमुख प्रशासकीय अधिकृतले पेश गर्नु भएको यस महानगरपालिकाको चालु आ.व. २०७९/०८० को प्रथम र दोश्रो चौमासिक अवधि सम्मको आम्दानी र चालु तथा पूँजीगत तर्फको खर्च विवरण माथि छलफल भयो ।

अनुसूची-१

# सम्झौता-पत्र

पोखरा महानगरपालिका नगरकार्यपलिकाको कार्यालय (यस पछि प्रथम पक्ष भनिने) र ............................ (यस पछि दोस्रो पक्ष भनिने) का बिच पोखरा महानगरपालिका नगर कार्यपालिका बैठकको निर्णय वमोजिम महानगरपालिका क्षेत्रमा उत्सर्जन हुने फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य अल्पकालिन रुपमा वडा नं. ३२ को लामेआहालमा र बाँकी अवधी महानगरपालिकाले तोकेको वडा नं. ३३ को झाँक्रीखोला क्षेत्रमा फोहोरमैला संकलन, ढुवानी र व्यवस्यापन तपशिलका शर्तको अधिनमा रहने गरी गर्न दुबै पक्षको सहमती भई यो सम्झौता पत्रमा सहिछाप गरी एक एक प्रति लियौं दियौं ।

दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरु:

१. दोस्रो पक्षले पोखरा महानगरपालिका वडा नं. .......................... को घरायसी फोहोर संकलन गर्नुपर्नेछ ।

२. दोस्रो पक्षले तत्कालै गर्नुपर्ने लगानीको प्रतिफल प्राप्त नहुँदा सम्मको वित्तिय प्रतिवेदन वमोजिमको अवधिको लागि प्रथम पक्षले तोकेको रोयल्टी रकमको (नगद बैंक रोयल्टी) कार्यादेश प्राप्त गर्नु अघि दाखिला गर्नुपर्नेछ ।

३. दोस्रो पक्षले फोहोर संकलन गर्ने जनशक्तिलाई सामाजिक सुरक्षामा आवद्धता, विमा लगायत नेपाल सरकारले तोकेको न्यूनतम सेवा सुविधा उपलब्ध गराउनुपर्नेछ ।

४.फोहोरमैला संकलनका लागि आवश्यक सवारी साधन, ईन्धन, मर्मत लगाएत आवश्यक साधन स्रोतको व्यवस्था गर्नु पर्नेछ ।

५. दोस्रो पक्षले फोहोरमैला संकलन गरे बापत प्रत्येक आ.व.का लागि नगर आर्थिक ऐन बमोजिम आफ्नै संक्षिप्त कर विजक प्रयोग गरी शुल्क संकलन गर्न पाउनेछ ।

७. दोस्रो पक्षले फोहोर संकलन तालिका बनाई सेवा प्रवाह गर्नुपर्नेछ । सेवा प्रवाह तालिका प्रथम पक्षको कार्यालयमा पेश गर्नुपर्नेछ ।

८. कामदार कर्मचारीलाई आवश्यक सुरक्षाका लागि मास्क, पञ्जा, बुट, रेनकोट, हेल्मेट लगाएत सामाग्री उपलब्ध गराउने दायित्व दोस्रो पक्षको हुनेछ ।

९. प्रथम पक्षले आवधिक रुपमा यस परियोजनाको स्वतन्त्र वित्तिय विश्लेषण गराई दोस्रो पक्षलाई आवश्यक निर्देशन दिन सक्नेछ । सो को पालना गर्ने दायित्व दोस्रो पक्षको हुनेछ ।

१०. दोस्रो पक्षले सार्वजनिक स्थानमा फालिएको फोहोर प्रथम पक्षको निर्देशन बमोजिम संकलन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

११. दोस्रो पक्षले फोहोर व्यवस्थापन गरेको मासिक प्रतिवेदन प्रथम पक्षलाई नियमित रुपमा पेश गर्नुपर्नेछ ।

१२. महामारी प्राकृतिक विपत्ती जस्ता विशेष परिस्थितिमा पनि दोस्रो पक्षले यथासंभव सेवा सुचारु गर्नुपर्नेछ ।

१३. प्रथम पक्षको सहमतीमा वाहेक दोस्रो पक्षले सम्झौता विचैमा तोड्न पाउनेछैन । यस्तो अवस्थामा पहिलो पक्षले बैंक ग्यारेन्टी जफत गरी अन्य इच्छुक साझेदार कम्पनी सँग बाँकी अवधीका लागि तोकिएको शुल्कमा सम्झौता गर्न सक्नेछ ।

१४. दोस्रो पक्षले प्रथम पक्षको अनुरोधमा प्रथम पक्ष द्वारा सञ्चालन हुने सरसफाई सम्वन्धि विशेष कार्यक्रममा निशुल्क सवारी साधन उपलब्ध गराउनुपर्नेछ ।

१५. दोस्रो पक्षले फोहोरमैला संकलन गर्दा क्रमशः उन्नत प्रविधि प्रयोग गर्दै जानुपर्नेछ ।

१६. फोहोरमैला शुल्क संकलन गर्दा कम्प्यूटराईज विल प्रयोग गर्दै जाने कार्य क्रमश : लागु गर्दै जानुपर्नेछ ।

१७. फोहोरमैला संकलनलाई व्यबस्थित गर्न नेपाल सरकार वा विदेशी दातृ निकायबाट छुट्टै अनुदान प्राप्त गर्न सक्नेछ । यसका लागि प्रथम पक्षले अध्ययन /अवलोकन भ्रमण सम्बन्धी कार्यक्रम आवश्यक समन्वय /सिफरिस सहजिकरण गर्नेछ ।

१८.सम्झौताका कुनै बुँदा संशोधन गर्नुपरेमा आपसी सहमतीमा परिमार्जन गरी सम्झौतालाई निरन्तरता दिइने छ । सम्झौता कार्यान्यन गर्न दिईएको प्रथम पक्षको निर्देशन पालना नभएको वा सम्झौता वमोजिम दोश्रो पक्षले सहयोग नगरी फोहोर व्यवस्थापन हुन नसक्ने अवस्था सिर्जना भई सम्झौताको अन्त्य गर्नु परेमा प्रथम पक्षले दोश्रो पक्षलाई कम्तीमा दुई महिनाको अग्रीम लिखित सूचना दिई सम्झौता अन्त्य गर्न सकिनेछ । यसरी सम्झौता अन्त्य गर्नुपरेमा सम्झौता अन्त्य गर्नु अगाडि सम्मको पक्षहरुले आ-आफ्नो दायित्व पुरा गर्नुपर्नेछ ।

प्रथम पक्षले पालना गर्नुपर्ने शर्तहरु :

१) फोहोरमैला संकलन, ढुवानी र व्यबस्थापन गर्न प्रथम पक्षले आवश्यक सहयोग र समन्वय गर्नेछ ।

२) फोहोर व्यवस्थापन केन्द्र सम्म पुग्ने सडक, बत्ती, पानी लगाएत आवश्यक पूर्वाधार निर्माण गर्ने दायित्व प्रथम पक्षको हुनेछ ।

३) यस सम्झौतालाई असर पर्ने गरी प्रथम पक्षले यस्तै प्रकृतिको कार्य गर्न अन्य व्यक्ति संघ संस्था वा निजी कम्पनी सँग सम्झौता अवधीभर सम्झौता गर्ने छैन ।

४) स्थायी/अस्थायी ल्यान्डफिल्ड साइडको लागि आवश्यक जग्गा व्यबस्थापन, पूर्वाधार निर्माण गर्ने दायित्व प्रथम पक्षको हुनेछ ।

५) स्थानिय विवाद, स्थानीय मागको व्यबस्थापन गरि फोहोरमैला संकलन र ढुवानी नियमित गर्ने वातावरण वनाईराख्नुपर्ने दायित्व प्रथम पक्षको हुनेछ ।

६) ईन्धनको मूल्यमा १०% वा सो भन्दा बढी बृद्धि भएमा रोयल्टी रकममा सोही दरले कम गरि प्रथम पक्षले समायोजन गर्नेछ ।

७) प्रथम पक्षले फोहोरमैलाको सेवा शुल्क वार्षिक ५% वृद्धि गर्नेछ । सम्झौता अवधिभर सेवा शुल्क घटाउन पाउनेछैन ।

८) यो सम्झौता मिति २०७९ माघ १ गते देखि लागु भै मिति २०८३ आषाढ मसान्त सम्म कायम रहने छ । यस सम्झौता अवधिको समाप्तीमा वित्तिय विश्लेषणको आधारमा रोयल्टी रकममा बृद्धि गरि सम्झौता अवधि थप गर्न सक्नेछ ।

९) फोहोरमैला संकलन तालिका वमोजिम फोहोरमैला व्यवस्थापन गर्ने कार्य नगरेमा प्रथम पक्षले दोस्रो पक्षलाई सचेत गराउने, लिखित स्पस्टीकरण माग गर्ने र पटक पटक सेवा नियमित गर्न दिइएको निर्देशन वेवास्ता गरेमा सम्झौता बमोजिम बैंक ग्यारेन्टी जफत गरि छुट्टै व्यवस्था मिलाउन सक्नेछ ।

१०) दोस्रो पक्षबाट ल्यान्डफिल्ड सम्म ढुवानी भएको फोहोर व्यबस्थापनका लागि प्रथम पक्षले छुट्टै प्रवन्ध गर्न सक्नेछ ।

११) प्रथम पक्षले अस्पतालजन्य फोहोर र मृत जिवजन्तुको छुट्टै व्यवस्थापन गर्नेछ ।

**दुवै पक्षको दयित्व**

(क) यस सम्झौताको पालना गर्नु दुवै पक्षको दायित्व हुनेछ ।

(ख) यस सम्झौतामा लेखिएको कुराहरु यसै बमोजिम र अन्य विषय प्रचलित कानुन वमोजिम हुनेछ । (ग) यस सम्झौताको कार्यान्वयनमा कुनै विवाद उत्पन्न भएमा आपसी समझदारीमा समाधान गरिनेछ । आपसी समझदारीमा विवाद समाधान हुन नसकेमा मध्यस्थता ऐन बमोजिम हुनेछ ।

(घ) अदालती निर्णय वा संघ /प्रदेश प्रदेश सरकारको निर्देशन बमोजिम सम्झौता परिमार्जन गर्नुपरेमा सम्झौताको मुल : उद्देश्य फोहोरमैला संकलन, ढुवानी र सेवा शुल्क संकलनमा प्रतिकुल असर नपर्ने गरी परिमार्जन गरिनेछ ।

....................

दोस्रो पक्ष

...........................

प्रथम पक्ष

पो.म.न.पा. कार्यालय

ईति संवत ...................।